# महालक्ष्मी नगरपालिकाअन्तर्गतका विद्यालयहरुले पालन गर्नुपर्ने शैक्षिक मार्गचित्र

१. प्रथम त्रैमासिक परीक्षासम्म पढाइ हुने दिन ७९, दोश्रो त्रैमासिक परीक्षासम्म पढाइ हुने दिन ८६, तेश्रो त्रैमासिक परीक्षा सम्म पढाइ हुने दिन ३८ गरी जम्मा पढाइ हुने दिनहरु २०३ दिनहरु हुनेछन्, जसबाट विद्यालयहरुले वि.व्य.स.को निर्णय अनुसार ५ दिन र पहिलो त्रैमासिक परीक्षाको नतिजा प्रकाशन दोश्रो त्रैमासिक परीक्षाको नतिजा प्रकाशनको सट्टा विदा प्र.अ. ले शिक्षक स्टाफ बैठकबाट निर्णय गराइ स्थानीय विदा दिन सक्नेछन् । शिक्षकहरुले बैशाख र कार्तिक महिनामा आआफ्नो विषयको शिक्षण तथा सिकाइ सुधार योजना Teaching Learning Improvement Plan- TLIP) निर्माण तथा विश्लेषण गर्नु पर्ने छ।

२. नेपालको संविधानको धारा ७ को उपधारा (१) मा देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने भन्ने संवैधानिक प्रावधान रहेकाले विद्यालयको नामको बोर्ड र विद्यार्थीको परिचयपत्रमा विद्यार्थीको नाम अनिवार्यरूपले देवनागरी लिपिमा (नेपाली भाषा) मा समेत लेख्ने

३. विद्यालय शुरू हुनुभन्दा पहिले राष्ट्रिय गान अनिवार्यरूपमा गाउने व्यवस्था गर्ने र कक्षा शुरू हुनुभन्दा पहिले कक्षागत गीत गाउने अनिवार्य व्यवस्था गर्ने। तोकिएको मापदण्डअनुसारको राष्ट्रिय झण्डा विद्यालयमा अनिवार्यरूपमा राख्ने । राष्ट्रिय गान र राष्ट्रिय झण्डाको प्रयोग गर्दा राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोगसम्बन्धी कार्यविधि, २०६९ अनुसार मात्र गर्ने।

४. विद्यालयले आफ्नो हाताभित्र पाठ्यपुस्तक, सन्दर्भ सामग्री, स्टेसनरीको बिक्री–वितरण नगर्ने । अभिभावकले देखिने गरी पाठ्यपुस्तक र प्रकाशकको सूची विद्यालयमा टाँस गर्ने । राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्यांकन परिषदबाट स्वीकृत सूचीमा रहेको पाठ्यपुस्तक एकपटक लागू गरिसकेपछि विशेष परिस्थितिमा बाहेक कम्तीमा ३ वर्षसम्म परिवर्तन नगर्ने।

५. महालक्ष्मी नगरपालिकाभित्र सञ्चालित विभिन्न शैक्षिक परामर्श केन्द्र, भाषा कक्षा, कोचिङ कक्षा, ट्युसन सेन्टर विभिन्न शिक्षण संस्थालाइ नियमानुसारको शुल्क लिइ शिक्षा, युवा तथा खेलकुद शाखामा दर्ता र विवरण अद्यावधिक गर्नका लागि मिति २०७६ साल वैशाख मसान्तसम्मको म्याद दिइ दर्ता हुनका लागि सूचना दिइने।

६. हरेक विद्यालयमा स्वच्छ शैक्षिक वातावरण सिर्जना गरी बालमैत्री कक्षा सञ्चालनको प्रबन्ध गर्नुपर्ने । विद्यालयमा हरियाली कायम राख्न वृक्षारोपण तथा बगैंचाको व्यवस्था गर्ने । सम्भव भएसम्म विद्यार्थीलाइ विद्यालयभित्र स्वच्छ पिउने पानीको व्यवस्था गर्ने र विद्यालय हाताभित्र नै चमेना गृहको व्यवस्था गरी विद्यार्थीलाइ जंक फुड ल्याउन नदिने । विद्यालयमा हुन आउने फोहोरलाइ विद्यालयमानै व्यवस्थित गर्ने लगाइ विद्यार्थीलाइ सिकाउने व्यवस्था मिलाउनु पर्ने छ।

७. सबै प्रकारका विद्यालयहरुले सांस्कृतिक कार्यक्रमहरु आयोजना गर्दा भड्किला र विद्यार्थीको मनो भड्किला र विद्यार्थीको मनोविज्ञानमा सीधै असर गर्ने खालका शब्द भएका गीतहरु बजाउन पाइने छैन। विद्यार्थीहरुले नै आफ्नो सिर्जनात्मक क्षमता प्रयोग गर्ने गरी यस्ता कार्यक्रमहरुको आयोजना गर्नु पर्नेछ।

८. नगर शिक्षा समितिको निर्णय बमोजिमक नगर स्तरिय अतिरिक्त क्रियाकलाप निम्नानुसार कार्यक्रम सञ्चालन गरिने छ।

क) मेयरकप भलिबल प्रतियोगिता

ख) निबन्ध लेखन

ग) वादविवाद प्रतियोगिता

घ) हाजिरी जवाफ प्रतियोगिता

ङ) टेबल टेनिस प्रतियोगिता

९. सबै विद्यालयहरुले प्रत्येक महिनाको अन्तिम दिन दोश्रो सत्रमा (हाप टाइम पछाडि) शिक्षक स्टाफ बैठक अनिवार्य रुपमा गरी पठनपाठनसम्बन्धी छलफल र निर्णय गर्नु पर्ने छ र सो निर्णयको प्रतिलिपि नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

१०. सबै विद्यालयहरुले Extra-Curricular Activities प्रतियोगिता कम्तीमा महिनाको २ पटक सञ्चालन गर्नु गराउनु पर्ने छ। यसको व्यवस्था विद्यालयको Calendar मा नै अनिवार्य रुपमा गरी कार्यान्वयन गर्नु पर्ने छ। नगर स्तरमा आयोजित विभिन्न अतिरिक्त तथा सह कार्यकलापहरुमा हरेक विद्यालयले विद्यार्थीहरुको सहभागी गराउनु पर्ने छ।

११. विद्यालय सुधार योजना सहयोगी पुस्तिका २०७४ बमोजिम विपद् व्यवस्थापन सूचकहरुसमेत समेटी विद्यालय सुधार योजना निर्माण वा अद्यावधिक गरी २०७६ बैशाख मसान्तभित्र एकप्रति विद्यालयमा, र एकप्रति नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्ने छ। साथै सोही विद्यालय सुधार योजनाको अद्यावधिक योजना प्रभावकारी रुपमा कार्यन्वयन गर्ने गराउनु पर्ने छ।

१२. नगरपालिकाको वार्षिक कार्यपात्रो बमोजिम सबै विद्यालयहरुले सरोकारवालाहरुको सहभागितामा आआफ्नो विद्यालयको बार्षिक कार्यतालिका र योजना निर्माण गर्नु पर्ने छ। बैशाख मसान्तभित्र सो योजनाको एकप्रति नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

१३. नगरपालिकाभित्रका सबै विद्यालय शान्ति क्षेत्र घोषित गरिएका छन्। कसैले पनि शान्ति भंग गर्ने कुनै पनि क्रियाकलापहरु नगरिदिन हुन नगरपालिका हार्दिक आग्रह गर्दछ। कुनै कारणबस बन्द, हडताल, चक्काजाम वा अबरोध सिर्जना भै कक्षा सञ्चालन हुने दिन पठनपाठन नभएमा त्यस दिनको पठनपाठन सार्वजनिक बिदाको दिनमा समेत क्षतिपूर्ति कक्षा अनिवार्य रुपमा सञ्चालन गर्नु पर्ने छ।

१४. प्रत्येक सामुदायिक विद्यालयले कम्तिमा एक निजी तथा संस्थागत विद्यालयसँग भातृत्वको सम्वन्ध कायम गरी शिक्षक आदान प्रदान कार्य अवलम्व सञ्चालन गर्नुपर्ने छ र सोको प्रतिवेदन शिक्षा युवा तथा खेलकूद शाखामा पेश गर्नुपर्ने छ।

१५. **"मेयरसँग विद्यार्थी कार्यक्रम"** नगरपालिकाको शिक्षा युवा तथा खेलकूद शाखमाको समन्वयमा विद्यालयले तय गरी कम्तिमा शैक्षिक सत्र भित्र एकपटक सञ्चालन गर्ने।

१६. हरेक विद्यालयहरुले विद्यालयमा अनिवार्य रुपमा पुस्तकालय स्थापना गरी विद्यार्थीहरुका Reading club गठन गरी सो को कार्यान्वयन गर्ने।

१७. विद्यार्थीहरुमा ब्यवहारिक ज्ञानको अभिबृद्धि गर्न सबै विषयहरुमा Project work हरु गराइ प्रयोगात्मक अङ्कको स्पष्ट आधार बन्ने प्रतिबेदन लेखन तथा प्रस्तुतिको अभ्यास गराउनु पर्ने ।

१८ सहपाठी शिक्षक, section in charge, subject head र head teacher बाट नियमित परामर्श र अनुगमन गर्ने ब्यवस्था मिलाउने ।

१९. विद्यालयहरुले पुस्तकालय प्रयोगशाला र सूचना प्रविधिको सिकाइलाइ साप्ताहिक रुपमा कम्तीमा दुइ पिरियड छुट्याउने ।

२०. प्रत्येक महिना विद्यालय वरपर सवारी साधनबिना २ वा ३ घन्टा भित्रको लघु शैक्षिक भ्रमण गराइ प्रतिवेदन तयारी गर्न लगाउने ।

२१. निरन्तर विद्यार्थी मूल्याङ्कनको वास्तविक उद्देश्यबमोजिम हरेक विद्यार्थीको पोर्टफोलियो तयार गरी सिकाइ क्रियाकलापलाइ ब्यवस्थित गर्ने

२२. **अभिभावकहरुको भूमिका :** अभ्यास पुस्तिका र सिकाइ सामग्रीहरु पर्याप्त ब्यवस्था गरिदिने, सरसफाइ र पोशाकमा ध्यान दिने, महिनामा कम्तीमा एकपटक कक्षा शिक्षकसँग अन्तरक्रिया गर्ने, घरमा कम्तीमा दुइवटा अन्य सन्दर्भ पुस्तकको ब्यवस्था गर्ने ।